# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, असोज १ गते २०६० साल (अतिरिक्ताङ्क ३१ (क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ युवराजाधिराज पारस वीर विक्रम शाह देव बर्लिनमा हुने एशिया प्यासिफिक सप्ताहमा नेपाल फोरमलाई सम्बोधन गरिबक्सन र श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको जर्मन च्यापटरद्वारा आयोजना हुने कार्यक्रममा सहभागि होइबक्सने सिलसिलामा यही असोज ७ गते संघीय गणतन्त्र जर्मनी सवारी होइबक्सने छ ।

मौसूफको असोज १४ गते स्वदेश फिरिबक्सने कार्यक्रम छ ।

श्री ५ युवराजाधिराज श्री ५ महेन्द्र प्रकृति संरक्षण कोषको अध्यक्ष होइबक्सन्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

माननीय अर्थ, कृषि तथा सहकारी र श्रम तथा यातायात व्यवस्था मन्त्री डा. श्री प्रकाशचन्द्र लोहनी संयुक्त अरब इमिरेट्सको दुवईमा आयोजना हुने विश्व बैंक तथा अन्तर्राष्ट्रिय मुद्रा कोषको संयुक्त वार्षिक बैठकमा भाग लिन २०६० साल असोज १ गते त्यसतर्फ जानु भएकोले उहाँले सम्हाली आउनु भएको अर्थ, कृषि तथा सहकारी र श्रम तथा यातायात व्यवस्था मन्त्रालयहरूका साथै माननीय उद्योग, वाणिज्य तथा आपूर्ति, कानून, न्याय तथा संसदीय व्यवस्था र शिक्षा तथा खेलकूद मन्त्रीको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको उद्योग, वाणिज्य तथा आपूर्ति, कानून, न्याय तथा संसदीय व्यवस्था र शिक्षा तथा खेलकूद मन्त्रालयहरूको कार्यभार समेत सम्माननीय प्रधानमन्त्रीको सिफारिसमा माननीय सूचना तथा सञ्चार, स्थानीय विकास र स्वास्थ्य मन्त्री श्री कमल थापाले सम्हाल्नु हुनेछ ।

हुकुमबक्से बमोजिम,
मी.सु. पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।